# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- प्र.शा.- ०७७/०७८

चलानी नं :-

मिति : २०७७/०७/०४

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश
२०७३

## बिज्ञप्ति

आदरणीय लिसंखु पाखर निवासी आमा बुबा दाजु भाइ दिदीबहिनीहरु कोरोना भाइरसको संक्रमण अहिले लिसंखु पाखर भित्र पनि तीब्र रुपमा बढिरहेको हामी सबैलाई जानकारी नै छ । विश्वमा नै कोरोना भाइरसले मानव जीवन माथि ठुलो चुनौती दिइरहेको यो संकटपूर्ण परिस्थतिमा स्वास्थ्यका मापदण्डहरुको पालना गर्दै आ-आफ्नो कार्यक्षेत्रमा खट्नु हामी सबैको कर्तब्य भएको छ । हाम्रो गाउँपालिकामा अहिलेसम्म १७ जना संक्रमित भएका मध्ये ८ जना निको भई ९ जना निको हुनेक्रममा हुनुहुन्छ । गाउँपालिकाले कन्टचाक्ट ट्रेसिङ कार्यलाई प्राथमिकता दिएर परीक्षण पनि गराउँदै आएको छ । सरकारले मात्र यो भाइरस नियन्त्रण गर्न सम्भव छैन । सबै नागरिकले स्वास्थ्य मापदण्डहरुको पालना गरी सचेतना अपनाएर साझा प्रयत्न गरियो भने यो भाइरसको नियन्त्रण सम्भव छ । त्यसकारण हाम्रो सामुन्नेमा आइरहेको बडा दशैं २०७७, दीपावली, छठ, नेपालसम्बत, ल्होछार जस्ता पर्वहरुमा अनावश्यक भीडभाड र आवत जावत नगरौं । आ-आफ्नो रीतिरिवाज अनुसारका चाडपर्व मनाउँदा हामी जो जहाँ छौं त्यहीं बसेर पर्वहरु मनाउनको लागि अनुरोध गर्दछौं।

अन्त्यमा लिसंखु पाखर गाउँपालिकाकोतर्फबाट सबै नेपाली नागरिकहरु, पालिका निवासी आमा बुबा दाजुभाइ दिदीबहिनीहरु, जनप्रतिनिधि, राजनीतिककर्मी, सञ्चारकर्मी, बुद्धिजिवी, कर्मचारी, शिक्षक, समाजसेवी सबैमा बडा दशैं, दीपावली, छठ, नेपाल सम्बत लगाएतको पर्वमा पनि कोरोना न्यूनिकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद

**कोरोना भाइरसको सम्भावित जोखिमबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं**

.............
कमल प्रसाद नेपाल
अध्यक्ष

**कमल प्रसाद नेपाल**
**अध्यक्ष**

एवम् लिसंखु पाखर गाउँपालिका परिवार

संपर्क नं. : ०११६९१११८ ईमेल: lisankhupakharmun@gmail.com, website: www. lisankhupakharmun.gov.np